# धरान नगरपालिका
# क्षमता विकास योजना
## २०६६




धरान नगरपालिका कार्यालय
धरान १२/७४ख, चतरालाईन, सुनसरी ५६७००, नेपाल
email :info@dharan.gov.np
Web : www.dharan.gov.np

# दुईशब्द

नगरको दिगो विकास गर्दै समृद्ध नगर निर्माणका लागि निरन्तररुपमा नगरवासीको हकहित संरक्षण र प्रर्वधन र शुसासनको प्रत्याभूति गराउने एक स्थानीय निकायको रुपमा धरान नगरपालिका रहेको छ । क्षमता विकास योजनाले नगरपालिकाको आन्तरिक संस्थागत क्षमता बिकासका साथै नगरपालिकाका साझेदार संस्थाहरु र सरोकारवालाहरुको पनि क्षमता बिकास हुनसकेमा मात्र नगरपालिकाबाट दिइने सेवा र सुबिधाहरु समयमा र गुणस्तरीय हुने साथै सेवाप्रदायक र सेवाग्राही बीच सुमधुर सम्वन्ध स्थापितभई नगरक्षेत्रको विकासमा अर्थपूर्ण सहभागिता, रहने हुनाले यो क्षमता विकास योजना बनाउदा धरान नगरपालिकाले आफनो मात्र नभई नगरपालिकाको नीति निर्माण तहका पदाधिकारी, उपभोक्ता समिति र अन्य विकास साझेदार हरुको समेत क्षमता विकास योजना बनाईएको छ । यो योजनाको कार्यान्वयन पश्चात सबैको नगरपालिका प्रतिको दृष्टिकोण र व्यवहारमा समेत सकारात्मक सोचको विकास हुने साथै नगरपालिकाबाट संचालन हुने हरेक कार्यमा प्रभावकारीता बढ्ने र  शुसासनको अनुभूति हुने बिश्वास नगरपालिकाले लिएकोछ ।

धरान नगरपालिकाको क्षमता विकास योजना बनाउनका लागि स्थानीय विकास मन्त्रालयको स्थानीय स्वयत्तशासन तथा सामुदायिक विकास कार्यक्रमको बिशेष योगदान रहेको हुनाले उक्त कार्यक्रम प्रति आभार व्यक्तगर्न चाहन्छु । क्षमता विकास योजना बनाउने कार्यमा सेवाप्रदायको रुपमा कार्य गर्ने बिराट सामुदायिक विकास केन्द्रका श्री प्रकाशकुमार पोखरेललाई धैरै धैरै धन्यवाद दिन चाहन्छु । त्यसैगरी यस महान कार्यमा नगरपालिका संचालन दलीय सन्यन्त्रका सदस्यज्युहरु, उपभोक्ता समिती, वातावरण उपसमिति, बिकास साझेदार संस्था, पत्रकार, नागरिक समाजका प्रतिनिधिहरु, बिषयगत कार्यालयका प्रतिनिधिहरु तथा कर्मचारी सबैले छलफलमा सकृय सहभागीभई सुझाव, प्रतिबद्धता र वास्तविकता झल्काई दिनु भएकोमा सवैलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा स्थानीय विकास मन्त्रालयको स्थानीय स्वयत्त शासन तथा सामुदायिक विकास कार्यक्रमवाट प्राप्त सुझाबलाई समेत समायोजन गरेर तयार परिएको यो योजना कार्यान्वयनमा पनि सबैको सहयोग रहेमा यो कार्यक्रमले लिएको उद्देश्य सजिलै पुरा हुनेभएकाले त्यसमा पनि सबैको सहयोग रहने विश्वास लिएको छु ।

**राजेन्द्रकुमार पौडेल**
**कार्यकारी अधिकृत एवं प्रमुख**
**धराननगरपालिका**

**विवरण** **पेज नं.**

खण्ड (क)


| | |
|---|---|
| पृष्ठमूमि | १ |
| धरान नगरपालिकाको परिचय | १ |
| क्षमता विकास योजनाको औचित्यता | २ |
| लक्ष्य | २ |
| उद्देश्यहरु | २ |
| क्षमता विकास आवश्यकता पहिचा नगर्दा अपनाईएका विधिहरु | २ |
| MCPM को नतिजा लेखाजोखा | ३ |
| नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र तथा नगर प्रशिक्षण संग सहकार्य | ४ |
| अपेक्षित प्रतिफल | ४ |
| अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन | ४ |
| सूचकहरु | ५ |
| योजना निर्माणमा संलग्न पक्षहरु | ६ |
| समयवधि | ६ |
| क्षमता बिकासका रणनीतिहरु | ६ |
| धरान नगरपालिकाको क्षमता विकास कार्ययोजना २०६६ | ७ |
| बजेट | ११ |


खण्ड (ख)

अनुसूचिहरु


| | |
|---|---|
| क्षमता विकास योजना आवश्यकता विश्लेषणको शारांश विवरण | ११ |
| छलफल कार्यक्रमका सहभागिहरु (राजनैतिक संयन्त्र) | १६ |
| छलफल कार्यक्रमका सहभागिहरु (उपसमितिहरु) | १६ |
| छलफल कार्यक्रमका सहभागिहरु (संघसंस्था, नीजि क्षेत्र) | १७ |
| छलफल कार्यक्रमका सहभागिहरु (उपभोक्ता समिति) | १७ |
| छलफल कार्यक्रमका सहभागिहरु (विषयगत कार्यालयहरु) | १८ |
| छलफल कार्यक्रमका सहभागिहरु (नगरपालिकाका अधिकृतहरु) | १८ |

# धरान नगरपालिका क्षमता विकास योजना २०६६

## पृष्ठभूमि

कुनैपनि संस्थाको संस्थागत क्षमता विकास गर्नको लागि संस्थाको आन्तरिक क्षमता र त्यहाँ कार्यरत कर्मचारीहरुको ब्यक्तिगत क्षमताको विकास हुन जरुरी हुन्छ । त्यसमा पनि उनिहरुको दृष्टीकोण र ब्यवहारमा सकारात्मक सोच साथै काम प्रति प्रतिवद्धताले निकै ठूलो भूमिका खेल्ने गरेको दखिन्छ । यसै कुरालाई मध्यनजर राख्दै धरान नगरपालिकाले पनि आफ्नो नगरपालिकाको क्षमता विकासको लागि धेरै प्रयासहरु गर्दै आएको छ । तर नगरपालिकाको मात्र क्षमता विकास भएर नगरपालिकाकाले चाहेको प्रतिफल प्राप्त हुन कठीन हुन्छ । नगरपालिकाका संग आवद्ध भएर नगर विकासको हरेक क्षेत्रमा कार्य गर्ने साझेदार संस्था, उपभोक्ता समिति, नागरिक समाज र निजि क्षेत्रको समेतको क्षमता विकास भएमा नगर क्षेत्रबाट प्राप्त गर्ने सेवा सुविधाहरु सहज र सुलभ तरिकाले प्राप्त भई सुशासन समेत कायम हुने देखिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३५ मा नेपाल सरकारले स्थानीय निकायको सुदृढीकरण तथा क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागु गर्न सकिने ब्यवस्था गरेको छ । सोही कुरालाई मध्य नजर राखी स्थानीय विकास मन्त्रालयले स्थानीय स्वयत्त साशन तथा सामुदायिक विकास कार्यक्रम अन्तरगत नगरपालिकाहरुले क्षमता विकास योजना बनाउनु पर्ने प्राबधान रहे अनुरुप धरान नगरपालिकाले पनि यो क्षमता विकास योजना बनाईएको छ ।

## **धरान नगरपालिकाको परिचय :**

सोह्रौं शताब्दी देखि वि.सं. १८३१ मा पृथ्वीनारायण शाहले आधिपत्य कायम नगरुन्जेल सम्म किराँत प्रदेशको राजधानीको रुपमा रही आएको विजयपुर डाँडो नै धरान बजार स्थापनाको आधार भूमि हो । चारकोसे झाडीलेभरिएको यो धरानमा औलोको प्रकोप व्याप्त थियो । विजयपुरमा मानवबस्ती बसेपनि धरानमा जङ्गल र औलोको कारण सम्भव थिएन । राणा शासनकालमा भारतमा रेल्वे विस्तारको लागि काठ बेच्न चारकोसे झाडीको फडानी संगै धरानमा बसोबासको सुरुवात भएको अनि काठ चिर्न बनाईने काठको धराप जसलाई धरान भनिन्छ वाट नै 'धरान' नामाकरण भएको भनाई छ ।
धरानको वर्तमान सिमाना पूर्वमा सेउती खोला, पश्चिममा सर्दुखोला, उत्तरमा महाभारत पर्वत र दक्षिणमा चारकोसे झाडी रहेको छ । यो नगरपालिका पहाड र तराईको सङ्गम स्थलको रुपमा भावर क्षेत्रमा रहेको छ । धरानको क्षेत्रफल २११२ हेक्टर छ । यो सहर २६°५३ उत्तरी अक्षांश ८७°२८ पूर्वी देशान्तरमा रहेको छ । (स्रोत : धरान एक परिचय, २०५०) वि.सं. २०५८ को जनगणना अनुसार धरान नगरपालिकामा ४७१२१ जना पुरुष र ४८२११ महिला गरी जम्मा ९५,३३२ जनसङ्ख्या बसोबास गर्दछन् । हाल आएर करिब १५०००० जन संख्या पुगेको अनुमान गरिएको छ ।

जनजातीको सहर भनेर चिनिने धरान नगरपालिकामा लिम्बू, राई, नेवार, तामाङ्ग, ब्राम्हण र क्षेत्री प्रमुख रुपमा रहेका छन् । साथै गुरुङ, मगर, कामी, दमाई, सार्की, मारवाडी पनि उल्लेखनीय रुपमा रहेका छन् । छुटपुट अन्य जनजाती पनि यस सहरमा रहेका छन् । यहाँ हिन्दुधर्म, किराँत धर्म, बौद्ध धर्म, मुस्लिम धर्म

मान्ने मानिस छन् ।  यस सहरमा धार्मिक सहिष्णुता पाइन्छ । यस सहरमा जनसहभागितामा विकास निर्माणका कामहरु धेरै हुने भएकाले जनशहभागीताको नमूना शहरको रुपमा समेत धरान परिचित छ । "शिक्षा, स्वास्थ्य, पर्यटन, ब्यपारिक पुर्वाधार, बहुसंस्कृतिक,आबासीय,समृद्ध शहर" भन्ने यस नगर पालिकाको दीर्घकालिन भिजन रहेको छ ।

## क्षमता विकास योजनाको औचित्यता :

कुनैपनि संस्था वा निकायले संचालन गर्ने कार्यक्रमहरुलाई प्रभावकारी बनाउन त्यस निकायको क्षमता विकास हुनुका साथै त्यस निकाय संग सम्बन्धित  सेवा सुविधा लिने साझेदारहरुको पनि क्षमता विकास हुन जरुरी हुन्छ । यसरी दुवै पक्षको क्षमता विकास भएको खण्डमा सेवाको प्रभावकारिता र गुणस्तरियतामा समेत बृद्धि हुने देखिन्छ । नेपाल सरकारले २०६६ माघ १५ गते जारी गरेको नगरपालिका क्षमता विकास कार्यविधी २०६६ मा उल्लेख भए अनुसार नगरपालिकाका र सम्बन्धित सरोकारबालाहरुको समेत क्षमता विकासका लागि आवशयकता पहिचान गरी यो क्षमता विकास योजना तयार गरिएको छ ।

## लक्ष्य :

नगरपालिका र साझेदारहरु तथा सेवाग्राहीहरु वीच सुमधुर सम्बन्ध स्थापित भई नगर क्षेत्रको विकास निर्माणको कार्यमा प्रभावकारीता आउनुका साथै सेवा सुविधा सर्वसुलभ भएको हुनेछ ।

## उद्देश्य :

- सेवाग्राही र सेवा प्रदायक विचको दृष्टीकोण र ब्यवहारमा सकारात्मक परिवर्तन भई आपसी सहयोग र सम्बन्धमा गुणात्मक सुधार भएको,
- सेवाग्राहीहरुले नगरपालिकाबाट पाउने सेवा सुविधाहरु गुस्तरिय हुनुका साथै सर्वसुलभ तरिकाबाट समयमा प्राप्त भएको,
- गुणस्तरिय सेवा दिन र लिन साझेदार र सेवाग्राहीहरुको क्षमता विकास भएको,
- विकास निर्माण प्रकृयामा नागरिकहरुको अर्थपूर्ण सहभागीतामा बृद्धि भै कार्यक्रम प्रति अपनत्व र जिम्मेबारी बोध भएको,
- पारदर्शिता र सुचना प्रवाह व्यवस्थीत भएको
- नगरपालीका को बितिय व्यवस्थापनमा सुधार आएको

## क्षमता विकास आवश्यकता पहिचान गर्दा अपनाईएका विधि र तरिकाहरु :

- ✓ नगरपालिका संग सम्बन्धित नीति नियम निर्देशिका हरुको अध्ययन
- ✓ MCPM को नतिजा  तथा लेखा परिक्षण प्रतिवेदनको अध्ययन र विश्लेषण
- ✓ क्षमता विकास योजना निर्माणको लागि सम्बन्धित पक्ष तथा ब्यक्तिको पहिचान
- ✓ साझेदारहरु संग छलफल अन्तरकृया/कार्यशाला/ गोष्ठी
- ✓ प्राप्त तथ्यांक विश्लेषण
- ✓ शाखा, उपशाखाका प्रमूखहरु तथा कार्यालय प्रमुख संग छलफल
- ✓ क्षमता विकास योजनाको प्रारम्भिक प्रतिवेदन नपामा प्रस्तुत

✓ नगर स्तरिय समन्वय समिति संग छलफल
✓ विषयगत वजेट तर्जुमा र छलफल
✓ अन्तिम प्रस्तुती तथा पृष्टपोषण
✓ योजनालाई प्रकाशन सार्वजनिकरण

## MCPM को नतिजाको लेखा जोखा

यसमा १५ वटा न्यूनतम शर्तहरु मध्ये २ वटा लागू नभएको र १३ वटा मध्ये ४ वटा पूरा नभएको देखिन्छ । आगामी आ.ब.का लागि वजेट चालु आ.ब.मा नै पारित गरिसक्नु पर्नेमा सो नगरेको र प्रगती समिक्षा नगरेको देखिएकाले त्यसमा महत्वपूर्ण भूमिका न.पा.संचालन दलिय संयन्त्रको रहने भएकाले संयन्त्रका पदाधिकारीहरुका लागि समेत छलफल तथा अनुशिक्षण कार्यक्रमहरु समाबेस गरिएको छ । त्यस्तै वार्षिक खरिद योजना हुनु पर्ने नभएको भन्ने नतिजाको आधारमा खरिद योजना सम्बन्धि तालिम र खरिद योजना वनाउने कार्यक्रम राखिएको छ ।

कार्यसम्पादन मापनको नतिजा यस प्रकार रहेको देखिन्छ ।

| क्र.सं. | कार्यसम्पादन मापन/क्षेत्र | सूचक संख्या | अधिकतम अंक | प्राप्तांक | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | स्थानीय स्वायत्त शासन | ९ | २२ | १० | ४५.४ |
| २ | वित्तिय ब्यवस्थापन | ११ | २८ | १६ | ५७.१ |
| ३ | योजना तथा कार्यक्रम ब्यवस्थापन | ७ | १८ | ५ | २७.७ |
| ४ | संगठन तथा जनशक्ति विकास | ६ | १४ | १२ | ८५.७ |
| ५ | शहरी आधारभूत सेवा ब्यवस्थापन | ७ | १८ | १६ | ८८.८ |
| | जम्मा | ४० | १०० | **५९** | |

योजना तथा कार्यक्रम सम्बन्धमा १८ अंकमा ५ अंक मात्र प्राप्त भएकोले सबैभन्दा कमजोर रहेको देखिन्छ भने स्थानीय स्वयत्त शासन अन्तरगत २२ अंक रहेकोमा जम्मा १० अंक मात्र प्राप्त गरेकोले यो पक्ष पनि कमजोर रहेको भन्न सकिन्छ । त्यस्तै तेस्रो कमजोर पक्ष वित्तिय व्यवस्थापन देखिन्छ । यसै नतिजालाई मध्यनजर गरी यो क्षमता विकास योजनामा उक्त नतिजा हासिल गर्न सबै कर्मचीहरुले समान रुपमा आ आफनो जिम्मेवारी पूरा गर्नु पर्दछ भन्ने मान्यताराखी सबै कर्मचारीलाई ***दृष्टिकोण व्यबहार परिवर्तनका लागि सकारात्मक सोच*** विषयको तालिम राखिएको छ यसवाट सामुहिक कार्य अर्थात टीम वर्कमा सहयोग पुग्ने बिश्वास लिईएको छ । स्थानीय स्वयत्त शासन अन्तरगतका नतिजाहरु हासिल गर्न नगरपालिका संचालन दलिय संयन्त्रका प्रतिनिधी,वडासचिब र अन्य उपभोक्ता समितीहरु समेतलाई स्थानीय स्वायत्त शासन ऐन तथा नियमका बारेमा तालिम कार्यक्रम राखिएको छ । त्यस्तै वित्तिय व्यबस्थापनका लागि एकीकृत सम्पत्तिकर व्यबस्थापन तथा राजश्वका स्रोत खोजि तथा व्यबस्थापन जस्ता कार्यक्रमहरु राखिएका छन ।

## नगरपालिका क्षेत्रीय अध्ययन केन्द्र तथा नगर प्रशिक्षण संग सहकार्य

नगरपालिकाहरुको क्षमता अभिबृद्धि गर्न सहयोग गर्ने उद्देश्यले पूर्वाञ्चल विकास क्षेत्र अन्तरगतका नगरपालिका हरुका लागि नगरपालिका क्षेत्रीय अध्ययन केनद्र धरानमा स्थापना भई नगरपालिका हरुको क्षमता विकासमा सहयोग गर्ने कार्य भई रहेको हुनाले क्षमता विकास योजना अर्न्तगत छनौट भएका आपूर्तिमा आधारित कार्यक्रमहरु र केहि शाखा तथा उप शाखा संग सम्बन्धित कार्यक्रमहरु क्षेत्रीय अध्ययन केन्द्र मार्फत संचालन गर्दा नगरपालिका हरुलाई आर्थिक भार समेत कम पर्ने र क्षमता अभिबृद्धिमा एकरुपता हुन्छ तसर्थ क्षेत्रीय अध्ययन केन्द्रका सम्पर्क व्यक्ति र क्षमता अभिबृद्धि योजनाका सम्पर्क व्यक्तिहरुको कार्यशाला गोष्ठिको आयोजना गरी सबै संग मिल्दा कार्यक्रमहरुको छनौट गर्न क्षेत्रीय अध्ययन केन्द्रलाई अनुरोध साथै सहयोग गरिने छ ।

नगर प्रशिक्षण केन्द्र संगको सहकार्यका लागि कार्यक्रका लागि श्रोत व्यक्तिहरु सहयोग माग गर्ने र सबैको आबस्यकता मिल्ने कार्यक्रम गर्न अनुरोध गरिने छ ।

## अपेक्षित प्रतिफल :

१. नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधा तथा भौतिक निर्माण कार्यलाई प्रभावकारी र गुणस्तरिय बनाउन साझेदारहरुको सहभागित अभिबृद्धिका लागि योजना तथा नीति निर्माण भई विकास ब्यवस्थापन भएको हुनेछ ।

२ नगरपालिकाले संचालन गर्ने कार्यहरु सहज एवं प्रभावकारी तरिकाले सम्पन्न गर्न कर्मचारीहरु तथा विभिन्न समिति तथा उपसमितिहरुको आचार संहिता, कार्यविधि तयार भै संगठनात्मक ब्यवस्थापनमा प्रभावकारिता आएको हुनेछ ।

३ नगरपालिकाको श्रोत साधनहरुको ब्यवस्थित परिचालनका लागि वित्तिय ब्यवस्थापन प्रभावकारी भएको हुनेछ ।

४. नगरपालिकाले संचालन गर्ने कृयाकलापहरुको पारदर्शिताका लागि सुचानामा सहज पहुच अभिबृद्धि गर्न सुचना ब्यवस्थापन प्रणाली ब्यवस्थित भएको हुनेछ ।
५.नगरपालिकाले संचालन गर्ने हरेक कार्यमा पारदर्शिता र साझेदारहरुको अर्थपुर्णसहभागीतामा बृद्धि भई सुशासन कायम भएको हुनेछ ।
६ नगरपालिकाले प्रदानगर्ने सेवासुविधाहरु र नगरक्षेत्रबिकास ब्यवस्थापनका लागि विभिन्न सरोकारवालाहरु सग समन्वय र सहकार्य भएको हुनेछ ।

## अनुगमन,मूल्याङ्कन तथा प्रतिवेदन

यस धरान नगरपालिकाको क्षमता विकास कार्ययोजना अर्न्तरगतका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको काम क्षमता विकास कार्यविधी २०६६ अनुसार गठित नगर स्तरीय क्षमता विकास समन्वय समितिले गर्ने छ । त्यस्तै प्रतिवेदन सम्बन्धमा हरेक कार्यक्रमको अन्तमा प्रतिवेदन तयार गरेर कार्यकारी अधिकृत मार्फत समन्वय समितिमा पेश गरिने छ ।

## सुचकहरु

१.१ आवधिक नगर विकासको योजना तयार भएको
१.२ बिषयगत विकास योजना तथा नीति तयार भएको
१.३ निक्षेपित क्षेत्रहरुको ब्यवस्थापन भएको
१.४ समावेशी विकास नीति तयार भइ कार्यन्वयन भएको
१.५ बार्षिक योजना तर्जुमा प्रकृया प्रभावकारी भएको
१.६ योजना कार्यान्वयन र क्षमता अभिबृद्दि भएको
१.७ मर्मत संभार ब्यवस्थापन  नियमित भएको
१.८ अनुगमन र मूल्यांकन प्रणाली व्यवस्थीत र नियमित भएको

२.१ समिति गठन भई सक्रियरुपमा कार्य गर्न थालेको,
२.२ कर्मचारी संगठन र कार्यबिभाजन स्पष्ट भई त्यसको प्रभावकारी कार्यन्वयन भएको,
२.३ नगरपालिका भित्र आन्तरिक संचार प्रणाली ब्यवस्थित भएको,
२.४ पदाधिकारी तथा कर्मचारीको आचार संहिता तयार भै कार्यन्वयन समेत भएको,
२.५ कर्मचारीहरुको कार्याविवरण र कार्य संम्पादन र मूल्यांकन नियमित रुपमा भएको

३.१ राजश्व परिचालन थप क्षेत्र पहिचान भै आम्दानीमा बृद्धि भएको,
३.२ बजेटिङ्ग तथा खर्च ब्यवस्थापन प्रकृयाको नीति स्पष्ट भएको,
३.४ खरिद प्रकृयाको नीति तयार भै लागु भएको,
३.५ सम्पत्ति/जिन्सी ब्यवस्थापन अभिलेख अध्यवधिक भएको,
३.६ लेखा परिक्षण नियमित भएको,
३.७ रिपोटिङ्ग नियमित रुपमा गरिएको,

४.१ गैसस, साझेदार संस्थाहरु तथा श्रोत ब्यक्तिहरुको प्रोफाईल तयार भएको,
४.२ भू सुचना प्रणाली ब्यवस्थित भै यसको कायान्वयन समेत भएको,
४.३ अभिलेख ब्यवस्थापन कम्प्यूटरमा राखिएको,
४.४ पांजिकरण ब्यवस्थापन ब्यवस्थित भएको,

५.१ नगर क्षेत्रको विकास निर्माण कार्यमा साझेदारहरुको जनशहभागीता बृद्धिभएको,
५.२ जनसहभागिता, पारदर्शिताको नीति तयार भएको ।
५.३ नागरिक वडा पत्र तयार गरी नगरपालिकाको हाता भित्र राखिएको,
५.४ नगरपालिका प्रति आउने गुनासोहरुमा न्यूनिकरण भएको,
६.१ विषयगत कार्यालयहरु संग नियमित छलफल र अन्तरकृया भै साझा कार्ययोजना तयार गरी काम गर्ने गरेको,
६.२ विषयगत कार्यलय र परियोजना बीच नियमित रुपमा अनुभव आदान प्रदान हुने गरेको,
६.३ सार्वजनिक निजि साझेदारीमा कार्यक्रमहरु संचालन भैएको,
६.४ टोल विकास संस्था, गैर सरकारी संस्था र नागरिक समाज वीच समन्वय र सहकार्य भई कार्य संचालन भएको,
६.५ मन्त्रालय, आयोग, विभागहरु सँग नियमित सुचना प्रभाव समन्वय हुने गरेको,

## योजना निर्माणमा संलग्न पक्षहरु :

- राजनीतिक संयन्त्र(ध.न.पा.)
- विकास साझेदार समन्वय समिति
- वातावरण उपसमिति (धरान नगरपालिका )
- वातावरण सुधार समन्वय समिति
- डकाव समूह
- पत्रकार माहासंघ, जिल्ला शाखा
- उद्योग वाणिज्य संघ,सुनसरी
- नेपाल रेडक्रस सोसाईटी सुनसरी
- सडक निर्माण उपभोक्ता समितिहरु
- न.पा.का कार्यकारी अधिकृत, शाखा प्रमूखहरु र कर्मचारीहरु
- वडा सचिवहरु
- विषयगत कार्यलयहरु
    - खानेपानी
    - नेपाल टेलिकम
    - विद्युत प्राविधिकारण

**समयावधि** : मिति २०६६ फागुण २५ देखि चैत्र मसान्त

## क्षमता बिकासका रणनीतिहरु

- आवश्यकता बिश्लेषणका आधारमा तयार भएको क्षमता बिकास योजना अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- क्षमता बिकास योजना अर्न्तगतका कार्यकममा भाग लिएका संस्था  वा व्यक्तिहरुको अभिलेख नगरपालीकामा राखिनेछ ।
- क्षमता बिकास कार्यकममा भागलिए पछि देखिएका परिवर्तनका बारेमा कम्तिमा ६ महिनामा समीक्षा गरी त्यसको अभिलेख प्रतिबेदन, तयार गर्न लगाइनेछ ।
- प्रत्येक बर्षको नगरपरिषदमा क्षमता बिकास योजनाको प्रगती र प्रभावको  प्रतिबेदन तयार पारी प्रस्तुत गरिनेछ ।
- तालिम, गोष्ठि, सेमिनार, अन्तरकृया, भ्रमण मा लैङ्गिक संबेदनशिलता र समाबेशीकरण प्रकृयालाई प्राथमिकता दिईने छ ।
- क्षमता बिकासयोजना कार्यान्वयनको काम फोकल पर्सनले गर्ने छन ।
- नगरपालीका क्षमता बिकास कार्यबिधि २०६६ मा उल्लेख भएअनुसार कार्य गरिनेछ ।

# धरान नगरपालिकाको क्षमता विकास कार्ययोजना २०६६

| क.सं. | क्षमता विकासका कृयाकलापहरु | दिन | संख्या | समय अवधि | | | | | | | | | लागत र श्रोत (हजारमा ) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०६६/६७ | | | आ.व. ०६७/६८ | | | आ.व. ०६८/६९ | | | आ.व. ०६६/६७ | | | आ.व. ०६७/६८ | | | आ.व. ०६८/६९ | | |
| | | | | प.चौ | दो.चौ. | ते. चौ. | प.चौ | दो.चौ. | ते. चौ. | प.चौ | दो.चौ. | ते. चौ. | न.पा. | अन्य | जम्मा | न.पा. | अन्य | जम्मा | न.पा. | अन्य | जम्मा |
| १ | **पदाधिकारी /दलका प्रतिनिधहरको लागि** | | | | | | | | | | | | | | | | | | | | |
| १.१ | स्थानिय स्वयत शासन ऐन तथा नीति निर्देशिकाको बारेमा अभिमूखिकरण उप समितिहरुको लक्ष्य उद्देश्य तथा कार्यक्रम निर्माण शीप एवं जेष्डर अभिमूखिकरण ) | | २५ | | | ❶ | | | | | | | | | २५ | | | | | | |
| १.२ | योजना तर्जुमा सहभागीतामूलक अनुगमन मूल्याङ्कन तालिम | २ | २५ | | | ❶ | | | | | | | | | ५० | | | | | | |
| १.३ | दृष्टीकोण र व्यवहार परिवर्तनको लागि सकारात्मक सोच अभिमूखिकरण | २ | २५ | | | ❶ | | | | | | | | | ५० | | | | | | |
| १.४ | अधिकारमूखी विकास अवधारणा (गरिवी , विकास , सामूायिक परिचालन अभिमूखिकरण | २ | २५ | | | | | | | ❸ | | | | | | | | ५० | | | |
| १.५ | लैङ्गिक समानता तथा समावेसीकरण अभिमूखिकरण | २ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |
| १.६ | शुशासन सम्बन्धि प्रशिक्षण अभिमूखिकरण | २ | २५ | | | | | | | ❸ | | | | | | | | | | | ५० |
| १.७ | नेतृत्व विकास तथा क्षमता विकास अभिमूखिकरण | ३ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |
| १.८ | सामाजिक लेखा परिक्षण अभिमूखिकरण | १ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |
| १.९ | सवालगत अभिमूखिकरण (अपाङ्गता, महिला, जनजाती, बालबालिका, सामाजिक संघसंस्था , साभ्रेदारी , एच आई भी एड्स, लैङ्गिक वजेट , हिसा , वातावरण, नीति विश्लेषण | २ | २५ | | | | | | | ❸ | | | | | | | | | | | ५० |
| १.१० | शहरी बिकास योजना व्यवस्थापन अभिमूखिकरण | २ | २५ | | | | ❸ | | | | | | | | | | | | | | ५० |
| २ | **कर्मचारीको लागि** | | | | | | | | | | | | | | | | | | | | |
| २.१ | राजश्व क्षेत्र पहिचान र परिचालन तालिम | २ | ५ | | | ❶ | | | | | | | | | १० | | | | | | |
| २.२ | कार्यलय व्यवस्थापन तालिम | २ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.३ | प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम | ४ | २५ | | | | ❷ | | | | | | | | | | | १०० | | | |
| २.४ | योजना तर्जुमा तथा अनुगमन तालिम | २ | २५ | | | ❶ | | | | | | | | | ५० | | | | | | |
| २.५ | प्रकोप व्यवस्थापन तालिम | ५ | २ | | | | ❷ | | | | | | | | | | | १० | | | |
| २.६ | दृष्टीकोण र व्यवहार परिवर्तनको लागि सकारात्मक सोच तालिम.(२ चरण ) | ३ | ६० | | | ❶ | | | | | | | | | १८० | | | | | | |
| २.७ | सामाजिक लेखा परिक्षण तालिम | २ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |
| २.८ | सामाजिक परिचालन तालिम | ३ | २५ | | | | | | | ❸ | | | | | | | | | | | ७५ |
| २.९ | स्थानिय स्वायत्त शासन ऐन तथा नीति निर्देशिकाको बारेमा अभिमूखिकरण तालिम | २ | २५ | | | ❶ | | | | | | | | | ५० | | | | | | |
| २.१० | ईमेल ईन्टरनेट संचालन सम्बन्धि तालिम ( आइटी अटोक्याट, जिआईयस, स्रोत म्यापीग | | २५ | | | | | | | | | | | | ५० | | | | | | |
| २.११ | गैसस परिचालन तालिम | २ | २५ | | | ❶ | | | | | | | | | ५० | | | | | | |
| २.१२ | एकीकृत सम्पतीकर सम्वन्धि तालिम | २ | २५ | | | ❶ | | | | | | | | | ५० | | | | | | |
| २.१३ | खरिद व्यवस्थापन तालिम | ५ | ३० | | | ❶ | | | | | | | | | १५ | | | | | | |
| २.१४ | लैगिक समानता र समाबेशीकरण ( सवालगत बिश्लेषण) | २ | ३० | | | ❶ | | | | | | | | | ६० | | | | | | |
| २.१५ | परियोजना व्यवस्थापन तालिम | २ | २५ | | | | | | ❸ | | | | | | | | | | | | ५० |
| २.१६ | अधययन अनुसन्धान र प्रभाव मूल्याङ्कन तालिम | २ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |
| २.१७ | बाताबरण व्यवस्थापन तालीम | २ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |
| २.१८ | पेशागत स्वास्थ्य सुरक्षा तालीम | २ | २५ | | | | ❷ | | | | | | | | | | | ५० | | | |
| ३ | **वडा समितिहरुको लागि** | | | | | | | | | | | | | | | | | | | | |
| ३.१ | स्थानिय स्वायत्त शासन ऐन तथा नीति निर्देशिकाको बारेमा अभिमूखिकरण तालिम | २ | १९ | | | ❶ | | | | | | | | | ३८ | | | | | | |
| ३.२ | योजना तर्जुमा सहभागीतामूलक अनुगमन मूल्याङ्कन तालिम | २ | १९ | | | | ❷ | | | | | | | | | | | ३८ | | | |
| ३.३ | दृष्टीकोण र व्यवहार परिवर्तनको लागि सकारात्मक सोच तालिम | २ | १९ | | | | ❷ | | | | | | | | | | | ३८ | | | |
| ३.४ | अधिकारमूखी विकास अवधारणा (गरिवी , विकास , सामदायिक परिचालन | २ | १९ | | | | ❷ | | | ❸ | | | | | | | | ५७ | | | |
| ३.५ | , लैङ्गिक समानता तथा समावेसीकरण | २ | १९ | | | | | | | ❸ | | | | | | | | ३८ | | | ३८ |
| ३.६ | शुशासन सम्बन्धि प्रशिक्षण | २ | १९ | | | | ❷ | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.७ | नेतृत्व विकास तथा क्षमता विकास तालिम | २ | १९ | | | | | | | ❸ | | | | | | | | | | | ५७ |
| ३.८ | सामाजिक लेखा परिक्षण | १ | १९ | | | | | | | ❸ | | | | | | | | | | | १९ |
| ३.९ | कार्यालय व्यवस्थापन तथा लभिलेखकिरण | २ | १९ | | | | | | | ❸ | | | | | | | | | | | ३८ |
| ३.१० | समन्वय सम्बन्ध विस्तार ( सेवा प्रवाह) | १ | १९ | | | | | | | ❸ | | | | | | | | | | | १९ |
| ३.११ | कम्प्यूटर तालिम ईमेल इन्टरनेट | | १९ | | | | | | | ❸ | | | | | | | | | | | ३८ |
| ३.१२ | बैठक संचालन तथा लेखा व्यवस्थापन , समस्या समाधान, | २ | १९ | | | | | | | ❸ | | | | | | | | | | | ३८ |
| ३.१३ | कानूनी साक्षरता तामिल | २ | १९ | | | | ❷ | | | | | | | | | | | | ३८ | | |
| ३.१४ | गै.स.स.उपभोक्ता  हरुको लागि | | | | | | | | | | | | | | | | | | | | |
| ३.१५ | स्थानिय स्वायत्त शासन ऐन, कानून तथा नीति निर्देशिकाको बारेमा अभिमूखिकरण तालिम | १ | ३० | | | ❶ | | | | | | | | | ३० | | | | | | |
| ३.१६ | प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम | ३ | ३० | | | | | | | | | ❸ | | | | | | | | | ९० |
| ३.१७ | परियोजना व्यवस्थापन | २ | ३० | | | | | | | | | ❸ | | | | | | | | | ६० |
| ३.१८ | सवालगत अभिमूखिकरण (अपाङ्गता, महिला, जनजाती, बालबालिका,  सामाजिक संघसंस्था , साझेदारी , एच आई भी एड्स, , लैङ्गिक वजेट , हिसा , वातावरण, नीति विश्लेषण , सामाजिक सुरक्षा ) | २ | ३० | | | | | | | | | ❸ | | | | | | | | | ६० |
| ३.१९ | श्रोत पहिचान, परिचालन र व्यवस्थापन तालिम | २ | ३० | | | | ❷ | | | | | | | | | | | | | | ६० |
| ३.२० | सार्वजनिक लेखा परिक्षण | १ | ३० | | ❶ | | | | | | | | | | ३० | | | | | | |
| ४ | **टोल विकास सस्था /उपभोक्ता समितिहरुको लागि** | | | | | | | | | | | | | | | | | | | | |
| ४.१ | स्थानिय स्वयत शासन ऐन तथा नीति निर्देशिकाको बारेमा अभिमूखिकरण तालिम | १ | ३० | | | | | | | | | ❸ | | | | | | | | | ३० |
| ४.२ | प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम | २ | ३० | | | | | | | | | ❸ | | | | | | | | | ६० |
| ४.३ | श्रोत पहिचान, परिचालन र व्यवस्थापन तालिम | २ | ३० | | | | | | | | | ❸ | | | | | | | | | ६० |
| ४.४ | भुकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी निर्माण व्यवसायी र निर्माण कमि, तथा प्राविधिकहरुलाई तालीम अभिमुखिकरण | १ | १०० | | | | ❷ | | | | | ❸ | | | | | | | ३० | | ३० |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.५ | धरधनीहरु लाई भवन निर्माण सम्वन्धी अभिमुखिकरण | प्रत्येक महिना | २५ | | ❶ | | ❷ | | | | | ❸ | | | ११ | | | ३० | | | २५ |
| ५ | **मानव संशाधन विकास क्षेत्र** | | | | | | | | | | | | | | | | | | | | |
| ५.१ | अध्ययन अवलोकन भ्रमण (कर्मचारीहरुको लागि) | | | | ❶ | | ❷ | | | ❸ | | | | | २०० | | | २०० | | | २०० |
| ६ | **रणनीतिक व्यवस्थापन** | | | | | | | | | ❸ | | | | | | | | | | | |
| ६.१ | महिला तथा बालबालिका सम्वन्धि नीति निर्देशिका | | | | | | | | | ❸ | | | | | | | | | | | १०० |
| ६.२ | समाबेशी निति योजना निर्माण | | | | | | | | | ❸ | | | | | | | | | | | १५० |
| ६.३ | भु उपयोग निति निर्माण | | | | | | ❷ | | | | | | | | | | | १०० | | | |
| ६.४ | सामाजीक परिचालन नीति | | | | | | ❷ | | | | | | | | | | | १०० | | | |
| ६.५ | संस्थागत विकास योजना | | | | | | | | | ❸ | | | | | | | | | | | १०० |
| ७ | **अध्ययन तथा अनुसन्धान** | | | | | | | | | | | | | | | | | | | | |
| ७.१ | खानेपानी र बातावरणीय अध्ययन | ६० | | | | | | | | ❸ | | | | | | | | | | | १५० |
| ७.२ | बसपार्किग तथा रिगरोड को अध्ययन | ३० | | | | | ❷ | | | | | | | | | | | १५० | | | |
| ७.३ | पार्क सम्वन्धी अध्ययन | १५ | | | | | | | | ❸ | | | | | | | | | | | १०० |
| ७.४ | नगर यातायात व्यवस्थापन अध्ययन | ३० | | | | | ❷ | | | | | | | | | | | १०० | | | |
| ७.५ | नगरपालीकाको सेवा प्रभावकारी लाई कसरी राम्रो बनाउने अध्ययन | ७ | | | | | ❷ | | | | | | | | | | | १५० | | | |
| ७.६ | पर्यटक प्रवर्धन बिकास अध्ययन | ३० | | | | | ❷ | | | | | | | | | | | १५० | | | |
| ७.७ | शहरी बिकास सम्भाव्यता अध्ययन | ३० | | | | | | | | | | | | | | | | १५० | | | |
| ८ | **भौतिक स्रोत, साधन तथा प्रविधिको व्यवस्था** | | | | | | | | | | | | | | | | | | | | |
| ८.१ | इ शुशासन बिधुतिय | | | | | | | | | ❸ | | | | | | | | | | | १५० |
| ८.२ | इ नेटबर्कीग | | | | | | | | | ❸ | | | | | | | | | | | १५० |
| ९ | **समन्वय, सहकार्य र सम्बन्ध विस्तार** | | | | | | | | | | | | | | | | | | | | |
| ९.१ | स्रोत व्यक्तीको नामाबली बिवरण, तयार गर्ने | | | | | | | | | ❸ | | | | | | | | | | | १०० |
| ९.२ | संघ संस्थाको प्रोफाएल तयार गन | | | | | | | | | ❸ | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | ९९९ | | | १८१९ | | | २१९७ |

## वजेट

| क्र.सं. | आर्थिक वर्ष | नगरपालिका | अन्य | LGCDP | जम्मा |
|---|---|---|---|---|---|
| १ | २०६६/०६७ | २९,०००।०० | १,००,०००।०० | ५,९०,०००।०० | ८,९९,०००।०० |
| २ | २०६७/०६८ | ३,०९,०००।०० | ४,००,०००।०० | १२,१०,०००।०० | १९,१९,००० ।०० |
| ३ | २०६८/०६९ | २,९७,०००।०० | ३,००,०००।०० | १८,००,०००।०० | २१,९७,०००।०० |
| | **जम्मा:** | **६,१५,०००।००** | **८,००,०००।००** | **३६,००,०००।००** | **५०,१५,०००।००** |

## अनुसुचिहरु

**क्षमता विकास योजना आवश्यक्ता विश्लेषणको सारांश विवरण**

| क्षमता विकासको क्षेत्र | अपेक्षित क्षमता | बर्तमान क्षमता स्थिति | क्षमता न्यूनता | अंक भार | क्षमता विकासका लागि आवश्यकताहरु |
|---|---|---|---|---|---|
| **क) विकास ब्यवस्थापन** | | | | | |
| **क. आवधिक नगर विकासको योजना** | सवै साझेदारहरुको योजना पनि संलग्न भई विकासको सवै क्षत्र साथै प्रमूख मुद्दाहरुलाई समेट्न सकेको ।<br><br>आवधिक योजना तयार गर्न प्रविधिक ज्ञान तथा क्षमता विकास भएको<br>साझेदाहरु संग लगानी गर्ने क्षमता भएको<br>सवै साझेदार हरको योजना पनि समावेश भएको<br>जनमुखी योजना निर्माण भएका | स्पष्ट नीति<br>साझेदारहरुको योजना पनि संलग्न भई विकासको सवै क्षत्र साथै प्रमूख मुद्दाहरुलाई समेट्न सकेको ।<br>seperate wing<br>स्पष्ट निति<br>secondary data प्रयोग<br>सहभागीतामूलक तरिकाबाट समिति गठन गरिएकोमा विज्ञहरु नभएको ।<br>सहभागितामा आवाधिक नगर विकास योजना निर्माण भैरहेको<br>छ । | स्पष्ट नीति निर्देशिका नभएको<br>consultant बाट तयार भई रहेको<br>पुरानो तथ्याङ्क<br>आवधिक योजना निर्माण गर्नका लागि सम्बन्धित क्षेत्रको विज्ञहरुको कमी<br>आवधिक योजनाको बारेमा साझेदारहरुलाई राम्रो ज्ञान दिन नसकिएको ।<br>● सवै विकास साझेदारहरुको सहभागिता हुन नसकेको | | Data updating system<br>increase HR<br>Skill बढाउनु पर्‍यो<br>● योजना तर्जुमा सम्वधि सीप विकास र अनुगमन<br>● साझेदारहरुको पनि आवधिक योजना निर्माणमा न.पा.ले सहयोग गर्नुपर्ने ।<br>● आवाधिक योजनाको लागि स्पष्ट नीति निर्माण गर्नुपर्ने<br>● दृष्टीकोण र ब्यवहार परिवर्तन सम्बन्धि तालिम गोष्ठी संचालन गरिनुपर्ने |
| **२. बिषयगत विकास योजना तथा नीति** | स्पष्ट नीति<br>लागनी नीति<br>उत्साही जनशक्ती | लगानी नीति स्पष्ट नभएको<br>पर्याप्त बजेट नभएको<br>पर्याप्त उत्साही जनशक्तिको अभाव | | | Skilled manpover<br>विषयगत निकायहरु सँगको आपसी सम्बन्धबृद्धि |

| | | | | | |
|---|---|---|---|---|---|
| **३. निक्षेपित क्षेत्रहरुको व्यवस्थापन** | Short Procedure<br>power decentralization | long procedure ceatalized power | पुरानै कार्य पद्धती अनुसार काम हुनु | | प्रकृयाको परिमार्जन<br>दक्ष र जिम्मेवार जनशक्ति |
| **४. समावेशी विकास नीति** | स्पष्ट समावेशी निती तयार भई कार्यन्वयन भएको | नीति नभएको आंशिक | नीति | | समावेशी निति निर्माण गर्नै<br>लैगिक, जनजाती, बालबालीका र महिला सम्वन्धी |
| **५. बार्षिक योजना तर्जुमा** | बार्षिक योजनामा समावेश भएको | कर्मचारी वर्ग र सिमित राजनैतिक पहुँचबाट निर्माण | कम participiton | | Grass root level बाट need identification हुनुपर्ने । |
| | योजनाको समान वितरण र जनताको आवश्यक्ता अनुसारको योजना निर्माण हुनुपर्ने | दलहरुको हावी रहेको , नीति औपचारिकतामा मात्र सिमित रहेको , स्रोतको असमान वितरण । पहुचवालाको हावी | संयन्त्रमा प्रतिवद्धताको कमी<br>ब्यवस्थापनमा कमी<br>योजना बनाएर काम गर्ने नगरिएको | | स्थानिय स्तरमा ब्यापक छलफल गरिनु पर्ने ।<br>जनमत बुझ्न घरदैलो कार्यक्रम संचालन गरिनुपर्ने<br>सहभागीतामूलक योजना निर्माण |
| | सवै साझेदारहरुको योजना पनि समावेश भएको सवै साझेदार तथा जन प्रतिनिधिहरुको सहभागितामा निर्माण भएको । | वडा स्तरिय छलफल , न.पा. , उपसमिति तथा जनप्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरु सहभागी भै निर्माण गर्ने गरेको | सवै नगरका समस्या पक्ष तथा मुद्दाहरुलाई बार्षिक योजनाले समेट्न नसकिरहेको , निर्माण क्षेत्रमा बढी लगानी | | साझेदारहरुलाई सहभागी गराउनु पर्ने<br>साझेदार निति तयार गर्नै |
| **६. योजना कार्यान्वयन र क्षमता** | गुणस्तरीय, छिटो<br>stakeholder हरुलाई लाभ प्रद | ढिलो र क्रमागत<br>आवश्यक भएको बेला रकम अभाव | सहभागिता लगायत सन्तोषजनक नुहनु | | |
| | कर्मचारीको संख्या बढाउनुपर्ने<br>करको दायरा फराकिलो बनाउनुपर्ने र सामाजिक सवालका विषयमा पनि थप कार्यक्रम गर्ने । | समिति निर्माण भएको तर सक्रिय नभएको । | निर्माको काममा समिति निर्माण गरी काम गरिरहेको तर अन्य सवालमा समिति निर्माण हुन नसकेको भएकोमा पनि सक्रियता पूर्वक काम हुन नसकेको । | | थप बजेटको खोजी<br>कर्मचारी थप<br>कर दायरा फराकिलो बनाउने नीति तयार गर्ने<br>अनुगमन प्रणालीलाई चुस्त बनाउने । |
| | निर्माण गरिएको सवै योजना प्रभावकारी कार्यान्वयन भएको<br>सम्बन्धित पक्षको सहभागीता र सहकार्य भएको<br>स्थानिय स्रोत र साधनको परिचालन भएको | प्रभावकारी कायान्वयन को कमी<br>सहभागिता र सहकार्यको कमी | साझेदारहरु संग सहकार्य बढाउनु पर्ने<br>कार्यान्वयनको लागि साझेदारहरुलाई उत्प्रेरित गर्नु पर्ने | | न.पा तथा साझेदारहरको सहकार्य बढाउनुपर्ने<br>कार्य दक्षताको लागि आवश्यक विषयमा ब्यवस्थापन तथा प्राविधिक तालिम दिईनु पर्ने |
| **७. मर्मत संभार ब्यवस्थापन** | स्पष्ट निती<br>मर्मत संभार समिति निर्मँण | आंशिक रुपमा शुरु<br>न.पा. ले आवश्यक ठानेका स्थानहरु | रकम अभाव<br>सहभागिता | | निर्माण शुरु गर्दा नै मर्मतको लागि रकम र मर्मतबारे जिम्मेवार निकायको ब्यवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| **८. अनुगमन र मूल्यांकन प्रणाली** | स्व मूल्याङ्कन प्रणालीको विकास भएको, समितिको पनि क्षमता विकास भएको । | समिति निर्माण भएको तर समितिले विकास निर्माण र व्यवसायिक प्रमाण पत्र उपलब्ध गराउने कार्यमा मात्र अनुगमन गर्ने गरेको | अनुगमन मूल्याङ्कन प्रणालीको लागि सुचक तयार गरी नीति अनुसार कायान्वयन हुननसकेको | | अनुगमन मूलयाङ्कन प्रणालीको बारेमा समिति तथा साझेदारहरुलाई अभिमूखिकरण गर्ने ।<br>। |
| | प्रभावकारी अनुगमन मूल्याङ्कन प्रणालीले काम गरिरहेको हुनेछ । | ईमानदारीतामा आधारित<br>अनुगमन अनुगमन मूल्याङ्कन समिति नभएको अनुगमन मूल्याङ्कनको लागि आवश्यक सुचक तयार नभएको । | अनुगमन मूल्याङ्कन प्रणालीको लागि सुचक तयार गर्नुपर्ने | | दण्ड तथा पुरस्कारको व्यवस्था गरिनुपर्ने ।<br>पारदर्शीता । अनुगमन र मुल्याकन प्रणालीको बिकास व्यवस्थीत गर्नु पर्नै |
| | दक्ष ईमान्दार र प्रतिबद्ध मानव संशाधन | अनियमितताले गर्दा मापदण्ड अनुसार काम नहुनु | अनुगमन मूल्याङ्कन प्रणालीको लागि सुचक तयार गर्नुपर्ने मापदण्ड अनुसार कार्य हुनुपर्ने । कर्मचारी प्रतिवद्ध हुनुपर्ने | | दण्ड तथा पुरस्कारको व्यवस्था गरिनुपर्ने ।<br>पारदर्शीता । नीति स्पष्ट गरी सार्वजनिक गरिनुपर्ने |
| | विकास निर्माण कार्यको अनुगमन प्राविधिकहरुको अनुगमन मूल्याङ्कन गरिनुपर्ने | उपभोक्ता समितिले गरेको कार्यको नगरपालिकाले अनुगमन मूल्याङ्कन प्रभावकारी ढंगले नगरिरहेको | प्राविधिक ज्ञानको अभावको कारण उपभोक्ता लाई सहयोग आवश्यकक्ता भएको | | निर्माण कार्य पूर्व त्यस काम सम्बन्धि राम्रो अभिमूखिकरण हुनुपर्ने |
| **ख) संगठनात्मक व्यवस्थापन** | | | | | |
| **१. समिति गठन र क्रियाशिलता** | कार्य विवरण र कार्य क्षेत्र प्रस्ट भएको समिति | गठन भएको | कार्य विवरण र कार्य क्षेँत्रको अभाव | | • कार्य विवरण परिमार्जन हुनुपर्ने<br>• जिम्मेवारी तथा कार्य क्षेत्र स्पस्ट हुनु पर्ने |
| | विभिन्न विषयगत उपसमितिहरु निर्माण भई प्रभावकारी कार्य सम्पादन गरिएको ।<br>समितिले आफै कार्यक्रम बनाई कायान्वयन गरिरहेको । | ७ वटा विभिन्न समिति निर्माण भएको तर समितिले प्रभावकारी ढंगबाट काम गर्न नसकिरहेको । | समिति प्रभावकारी ढंगबाट स्व परिचालन हुन कठीन भएको ।<br>आवश्यक मात्रामा बैठक हुन नसक्नु | | सम्बन्धित समितिलाई विषय अनुसारको प्रविधिक तथा ब्यस्थापन तालिम र अवलोकन भ्रमणको व्यवस्था |
| | विभिन्न विषयगत उपसमितिहरु निर्माण भई प्रभावकारी कार्य सम्पादन गरिएको । | | | | |
| **२. कर्मचारी संगठन र कार्य विभाजन** | चुस्त-दुरुस्त र समय सापेक्ष कर्मचारी संगठन नभएको<br>केहिमात्रमा कार्यबिभाजन भएको | • समय सापेक्ष वर्तमान संगठन स्वरुप नभएको<br>• उचित कार्य विभाजनको कमी | संगठनको स्वरुप र कार्य विभाजन न्यून | | • संगठन स्वरुपको परिमार्जन<br>• कार्य विवाजनको पुनरावलोकन । |
| **३. आन्तरिक संचार** | सबै शाखा,उपशाखा हरु द्रुस्त आधुनिक सुविधा सम्पन्न हुन । | • इन्टरकम फोन<br>• इन्टरनेट/ इमेल | वडा समितिसंगको संचार कमी नेट्वर्कको कमी | | • वडा समितिमा समेत नेटर्वकको व्यवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • नेट्रोक/ सेरिङ्ग सिस्टम<br>• फ्याक्स | | | • सबै शाखा उपशाखा इन्टरनेट सुविधा । |
| **४. पदाधिकारी तथा कर्मचारीको आचार संहिता** | पदाधिकारी तथा कर्मचारी सबैको आचार संहिता हुनु पर्ने | • कर्मचारीको मात्र भएको | पदाधिकारीहर समेतको आचार संहिता र कार्यान्वयन | | पदाधिकारीहरुको समेत आचार संहिता बनाउने<br>कर्मचारीको आचार संहिताको पुनरावलोकन गर्नु पर्ने |
| **५.कर्मचारीहरुको कार्याविवरण र कार्य संम्पादन र मूल्यांकन** | • कार्य विवरण कार्य<br>• सम्पादन र मूल्यांकन<br>• पर्द्धतीलाई समय सापेक्ष<br>• संसोधन र पुनरावोलकन | पुरानै पद्दती अनुसार भईरहेको | चुस्त दुरुस्त बनाउने तर्फ पहल नभएको | | नियमित रुपमा मुल्याकन गरिनु पर्नै |
| **ग) वित्तिय व्यवस्थापन** | | | | | |
| **राजश्व परिचालन** | राजश्व बृद्धिका लागि विभिन्न श्रोतको खोजी | राजश्व परिचालन न्यून | राजश्वको क्षेत्र बढाउनुपर्ने | | राजश्व परिचालन सम्वन्धि दिर्घकालिन नीति निर्माण गरी कार्यान्वयन गर्ने<br>कर्मचारीहरुको दक्षता बृद्धि गरिनुपर्ने । |
| **वजेटिग तथा खर्च ब्यवस्थापन** | सवैको सहभागितामा बजेटिग गरी कार्यन्वयन गरिएको | वजेटिग अनुसार खर्च गर्ने गरिएको | सवैको सहभागितामा बजेट निर्माण गर्नुपर्ने | | |
| **खरिद प्रकृया** | खरिद प्रकृया पारदर्शी भएको | खरिद नीति अनुसार भएको | खरिद प्रकृयालाई पारदर्शी र गुण स्तरियता कायम गर्नुपर्ने | | खरिद प्रकृया स्पष्ट एवं ब्यवहारिक बनाउन नीति तयार गर्ने |
| **सम्पत्ती र जिन्सी ब्यवस्थापन** | सम्पत्तीको नियमित रुपमा अध्यावधिक गरिएको | रेकर्ड अध्यावधिक भएको | कम्प्युटराइज तरिकाबाट अभिलेखिकरण गरिनुपर्ने | | कम्प्युटराइज तरिकाबाट अभिलेखिकरण गर्ने |
| **लेखा परिक्षण** | लेखा परिक्षण नियमित भएको | नियमित हुने गरेको | लेखापरिक्षकले दिएको सुझावहरुलाई कायान्वयन गरिनुपर्ने | | लेखापरिक्षकले दिएको सुझावहरुलाई कायान्वयन गर्ने |
| **रिपोटिग** | रिपोटिग गर्ने ब्यवस्था नियमित गर्ने गरिएको | नियमित हुने गरेको | रिपोटिग अझ बढी प्रभावकारी हुनुपर्ने । | | रिपोटिग अझ बढी प्रभावकारी हुनुपर्ने । |
| **घ) सुचना ब्यवस्थापन** | | | | | |
| **१.प्रोफाईल** | सवै साझेदारहरुको प्रोफाईल तयार भएको | उपभोक्ता समितिको मात्र भएको | गैसस तथा श्रोत ब्यक्तिहरुको प्रोफाईल तयार गर्ने | | गैसस तथा श्रोत ब्यक्तिहरुको प्रोफाईल तयार गर्ने |
| **२. भू सुचना प्रणाली** | नीति तयर भएको हुनेछ | नभएको | हुनुपर्ने | | भू सुचना प्रणालीको नीति तयार गर्नुपर्ने |
| **३.अभिलेख ब्यवस्थापन** | अभिलेखको स्थापन | • नभएको | दक्षँ कमर्चारीको अभाव<br>निति निर्माण नभएको | | निति बनाउनु पर्ने<br>अभिलेखमयको ब्यवस्था/स्थापना<br>दक्ष जनशक्तिको ब्यवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| **ङ) सुशासन** | | | | | |
| **१)जनशहभागीता** | | | | | |
| **२. पारदर्शिता** | नगरपालिकाको सबै कृयाकलाप पारदशी हुनुपर्छ | आंशिक मात्रामा पारदशीता -आर्थिक पारदर्शीता ) | कार्य पद्धतीको पारर्दशीता<br>आर्थिक पारर्दशीता | | समिक्षा गर्ने<br>बुलेटिन प्रकाशन |
| **३जवाफदेहिता/उतरादायित्व वहन र गुणस्थित ब्यवस्थापन** | दायित्वका हिसाबले सबैजना स्वयंम जवाफदेही र उत्तरदायित्व भएको | पदिय रुपले सबै नभएको | जवाफदेहीको कमि | | जवाफदेहि र उत्तरदायित्व सहितको अधिकार दिनु पर्छ र दक्ष बनाउनु पर्छ |
| **४. सेवा प्रवाह** | द्रुस्त एवं सरल सेवा प्रवाह | अपूर्ण सेवा दुस्त सेवा प्रवाह | दक्ष जनशक्ति र भौतिक सुविधाको कमी | | भौतिक सुविधा सहित दक्ष जनशक्तिको ब्यवस्था<br>सेवा प्रदान गर्ने प्रकृया छोटो हुनुपर्ने । |
| **५. सुचना प्रभाह** | | | | | |
| **च ) समन्वय र सहकार्य विकास** | | | | | |
| **१. विषयगत कार्यालयहरु** | नगर विकास विस्तार गर्ने क्रममा योजनाको क्रममा नै खानेपानी तथा विजुली टेलीफोन विस्तार गर्नुपर्छ ।<br>स्थानिय स्तरको सहभागीता पनि जुटाउन पर्छ । | मर्मत संहारको लागि नगरपालिका र खानेपानी संस्थान वीच समन्वय भएको । | खानेपानी विस्तारमा भने समन्वय हुन कठीन भएको छ । | | खानेपानी तथा टेलीकमको वार्षिक योजना तर्जुमा प्रकृया नगरपालिकाले अन्तरकृया छलफल गरी योजना निर्माण गर्नुपर्ने । |
| **२. विभिन्न कार्यक्रम/परियोजनाहरु** | नियमित अनुभव आदन प्रदान भएको | न्यून भएको | समन्वय र सहकार्य गर्ने | | समन्वय र सहकार्य गर्ने |
| **३. टोल विकास संस्था, गैर सरकारी संस्था र नागरिक समाज** | समन्वय र सहकार्यमा कार्य संचालन भएको | विकास निर्माणको काममा बढी साझेदारी भएको अन्य क्षेत्रमा पनि साझेदारी बढाउनुपर्ने | सहभागिता अभिबृद्धि | | सहभागिता अभिबृद्धि |
| **४. निजि क्षेत्र** | साझेदारीमा कार्य भएको | खासे साझेदारीमा काम हुन नसकेको | सहकार्य गर्ने | | सहकार्य गर्ने |
| **५. माथिल्लो निकायहरु (मन्त्रालय , रायोआ, विभाग आदि )** | समन्वय र सुचना भएको | आवश्यक्ता अनुसार हुने गरेकको | नियमित रुपमा सुचना प्रवाह गरिनु पर्ने | | नियमित रुपमा सुचना प्रवाह गरिनु पर्ने |
| **६. अन्तर स्थानिय निकाय** | समन्वय र अन्तरकृया हुने गरेको | | समन्वय | | समन्वय |

## क्षमता विकास योजना तर्जुमा सम्बन्धि छलफल कार्यक्रममा सहभागीहरुको नामावली
## मिति : २०६६ फागुण २५ (राजनैतिक संयन्त्र)

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | श्री खगेन्द्र प्रसाद खतिवडा | कर अधिकृत | धरान नगरपालिका |
| २ | श्री किसोर राई | प्रतिनिधि | नेपाली काँग्रेस |
| ३ | श्री राजमणि निरौला | प्रतिनिधि | नेकपा एमाले |
| ४ | श्री गोर्वधन शाहा | प्रतिनिधि | सद्भावना पार्टी |
| ५ | श्री मोहन मगराती | प्रतिनिधि | नेकपा एकीकृत |
| ६ | श्री विकेक राई | प्रतिनिधि | राष्ट्रिय जनमूक्ति पार्टी |
| ७ | श्री कमला तामाङ्ग | प्रतिनिधि | राष्ट्रिय जनमोर्चा |
| ८ | श्री लखन शाह | प्रतिनिधि | मधेसी जनअधिकार फोरम, नेपाल |
| ९ | श्री प्रकाश पोखरेल | प्रतिनिधि | परामर्शदाता , बिकोडेक |
| १० | श्री अन्जिता आचार्य | सहयोगी | सहयोगी बिकोडेक |
| ११ | श्री गणेश प्रसाद खतिवडा | फोकल पर्सन | धरान नगरपालिका |
| १२ | श्री सुरज श्रेष्ठ | ईन्जिनियर | धरान नगरपालिका |
| १३ | श्री हरि बहादुर कार्की | खरिदार | धरान नगर पालिका |
| १४ | श्री डम्बर विश्वकर्मा | ना.सु. | धरान नगरपालिका |

## क्षमता विकास योजना तर्जुमा सम्बन्धि छलफल कार्यक्रममा सहभागीहरुको नामावली
## मिति : २०६६ फागुण २५ ( उप सामितिहरु)

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | दान कुमारी मास्के | अध्यक्ष | टेट्रा फोहर ब्यवस्थापन समिति |
| २ | पूर्णकला लिम्बु | सदस्य | नगर स्तरिय वातावरण सुधार समिति |
| ३ | जमूना गौतम | सचिव | नगर स्तरिय वातावरण सुधार समिति |
| ४ | ललिता अधिकारी | उपाध्यक्ष | नगर स्तरिय वातावरण सुधार समिति |
| ५ | निर्मला शाकय | सचिव | नगर स्तरिय वातावरण सुधार समिति |
| ६ | दुर्गा राई | सदस्य | डकाव कार्यक्रम |
| ७ | रेखा राई | स का | डकाव कार्यक्रम |
| ८ | सावित्री इवारम | सदस्य | डकाव कार्यक्रम |
| ९ | सलुजा क्षेत्री | सदस्य | डकाव कार्यक्रम |
| १० | शिव राई | सदस्य | डकाव कार्यक्रम |
| ११ | केशव | सदस्य | नेपाल रेडक्रस सोसाईटी सुनसरी |
| १२ | प्रकास पोखरेल | सेवा प्रदायक | विकोडेक विराटनगर |
| १३ | मोहन श्रेष्ठ | सदस्य | वातावरण उप समिति |
| १४ | शिशिर श्रेष्ठ | सदस्य | वातावरण उप समिति |
| १५ | करुणा आचार्जु श्रेष्ठ | अध्यक्ष | नगर स्तरिय वातावरण सुधार समिति |
| १६ | सुनिल नेपाल | समाज कल्याण अधिकृत | धरान नगरपालिका |
| १७ | गणेश प्रसाद खतिवडा | प्रशासकीय अधिकृत | धरान नगरपालिका |
| १८ | अन्जिता आचार्य | सहयोगी | विकोडेक विराटनगर |

## क्षमता विकास योजना तर्जुमा सम्बन्धि छलफल कार्यक्रममा सहभागीहरुको नामावली
## मिति : २०६६ फागुण २५ ( संघसंस्था निजि क्षेत्र )

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | श्री मोहन काजी शाक्य | अध्यक्ष | उद्योग वाणिज्य संघ सुनसरी |
| २ | श्री हर्ष सुब्बा | पत्रकार, केन्द्रिय सदस्य | कान्तिपुर एवं पत्रकार महासंघ |
| ३ | श्री राजेश विद्रोही | सभापती | पत्रकार महासंघ सुनसरी |
| ४ | श्री मोहन श्रेष्ठ | सदस्य | विकास साझेदार संघ संस्था समन्वय समिति |
| ५ | श्री गोपाल श्रेष्ठ | उद्योग सचिव | उद्योग वाणिज्य संघ सुनसरी |
| ६ | श्री विजय श्रेष्ठ | महा सचिव | उद्योग वाणिज्य संघ सुनसरी |
| ७ | श्री केशव घिमिरे | पत्रकार | फाष्ट टाईम्स राष्ट्रिय दैनिक |
| ८ | श्री भवानी वराल | पत्रकार | विजयपुर साप्ताहिक |
| ९ | श्री मनिता चाम्लिङ्ग | पत्रकार | दिब्य रोशनी साप्ताहिक |
| १० | श्री विजय लिम्बु | सदस्य | विकास साझेदार समिति |
| ११ | श्री गणेश प्रसाद खतिवडा | प्रशासकीय अधिकृत | धरान नगरपालिका |
| १२ | श्री प्रकाश कुमार पोखरेल | सेवा प्रदायक | विकोडेक |
| १३ | श्री अन्जिता आचार्य | सहयोगी | विकोडेक |

## क्षमता विकास योजना तर्जुमा सम्बन्धि छलफल कार्यक्रममा सहभागीहरुको नामावली
## मिति : २०६६ फागुण २५ ( उपभोक्ता समिति )

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | श्री भक्त बहादुर राई | कोषाध्यक्ष | बलभद्रपथ उपभोक्ता समिति |
| २ | श्री लाल कुमार लडवा | सचिव | बलभद्रपथ उपभोक्ता समिति |
| ३ | श्री रेम कुमार रोक्का | अध्यक्ष | साङ्गपाङ्ग मार्ग |
| ४ | श्री मिलन कुमार श्रेष्ठ | कोषाध्यक्ष | नेपाल गणतन्त्र मञ्च उपभोक्ता समिति |
| ५ | श्री बाल कृष्ण चौलागाई | सचिव | प्रगतिमार्ग उपभोक्ता समिति |
| ६ | श्री रत्न बहादुर मगर | अध्यक्ष | प्रगतिमार्ग उपभोक्ता समिति |
| ७ | श्री पुष्परत्न शाक्य | सचिव | पाथिभरा मार्ग उपभोक्ता समिति |
| ८ | श्री पुर्ण लिम्बु | कोषाध्य | पाथिभरा मार्ग उपभोक्ता समिति |
| ९ | श्री प्रदिप लिम्बु | सदस्य | देवी स्थान उपभोक्ता समिति |
| १० | कमल राई | अध्यक्ष | |
| ११ | चन्द्र बहादुर खापुङ्ग | अध्यक्ष | पाथिभरा लाई उपभोक्ता समिति |
| १२ | केशव रिजाल | अध्यक्ष | बुढासुब्वा उपभोक्ता समिति |
| १३ | पन्नालाल श्रेष्ठ | सहसचिव | |
| १४ | बलराम गुरुङ्ग | | |
| १५ | श्री गणेश प्रसाद खतिवडा | फोकल प्रर्सन | धरान नगरपालिका |
| १६ | श्री प्रकाश कुमार पोखरेल | सेवा प्रदायक | विकोडेक |
| १७ | श्री मोहन श्रेष्ठ | सदस्य | विकास साझेदार समिति |
| १८ | श्री अन्जिता आचार्य | सहयोगी | विकोडेक |

## क्षमता विकास योजना तर्जुमा सम्बन्धि छलफल कार्यक्रममा सहभागीहरुको नामावली
## मिति : २०६६ फागुण २५( विषयगत कार्यालयहरु )

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | यूवराज राई | इन्जिनियर | नेपाल विद्युत प्राविधिकरण |
| २ | देवराज श्रेष्ठ | शाखा अधिकृत | नेपाल खानेपानी संस्थान |
| ३ | श्याम मल्ल | प्राविधिक | नेपाल टेलीकम |
| ४ | श्री गणेश प्रसाद खतिवडा | फोकल प्रर्सन | धरान नगरपालिका |
| ५ | श्री प्रकाश कुमार पोखरेल | सेवा प्रदायक | विकोडेक |
| ६ | श्री मोहन श्रेष्ठ | सदस्य | विकास साझेदार समिति |
| ७ | श्री अन्जिता आचार्य | सहयोगी | विकोडेक |

## क्षमता विकास योजना तर्जुमा सम्बन्धि छलफल कार्यक्रममा सहभागीहरु नगरपाकिलाका अधिकृतहरुको नामावली
## मिति : २०६६ फागुण २९

| क्र.सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | श्री राजेन्द्रकुमार पौड्याल | कार्यकारी अधिकृत एवं प्रमूख | धरान नगरपालिका |
| २ | श्री खगेन्द्र प्रसाद खतिवडा | कर अधिकृत | धरान नगरपालिका |
| ३ | श्री भक्तिराज शर्मा | सुचना अधिकृत | धरान नगरपालिका |
| ४ | श्री भेषराज अधिकारी | लेखा अधिकृत | धरान नगरपालिका |
| ५ | श्री गणेश प्रसाद खतिवडा | प्रशासकीय अधिकृत | धरान नगरपालिका |
| ६ | श्री सूरज श्रेष्ठ | योजना अधिकृत | धरान नगरपालिका |
| ७ | श्री राजु पोखरेल | ईन्जिनियर | धरान नगरपालिका |
| ८ | श्री सुनिल नेपाल | सामूदायक विकास अधिकृत | धरान नगरपालिका |
| ९ | श्री रमेश शाह | आलेप अधिकृत | धरान नगरपालिका |
| १० | श्री युडीट | स्वयम् सेवक | डीईडी |
| ११ | श्री प्रकाश पोखरेल | सेवा प्रदायक | विकोडेक |